गाउँ कार्यपालिकाको १७औं बैठकको निर्णय

निर्णय नं १.

आर्थिक मामिला मन्त्रालय राप्ति उपत्यकाको प.स. २०७९।०८० च.नं. ७१० मिति २०७९।१२।०८ को पत्रानुसार आगामी आ.ब. २०८०।०८१ मा प्रदेश समपुरक अनुदानको लागि तपसिलका योजनाहरु माग गर्न छनौट गरि पठाउने।

तपसिलः

| क्र स | योजनाको नाम | रकम | कै |
|---|---|---|---|
| १ | सुरक्षित नागरिक आवास कार्यक्रम | रु १,००,००,०००/- | |
| २ | गुनाम लिफ्टिङ खानेपानी योजना | रु १,००,००,०००/- | |
| ३ | लामिडाँडा लिफ्टिङ खानेपानी योजना | रु १,००,००,०००/- | |
| ४ | घुन्टीखोला लिफ्टिङ खानेपानी योजना | रु १,००,००,०००/- | |

निर्णय नं २

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाले आबश्यकता महशुस गरि निर्माण गरेका मस्यौदाहरु विधायन समितिमा दफावार छलफल भइ आबश्यक सुधार सहित पारित गरि पेश भएका प्रतिवेदन माथि थप अध्ययन गरि आगामी बैठकमा पेश गर्ने।

तपसिलः

१ बजार व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

२ फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

३ रुन्टीगढी गाउँपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०७९

४ विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९

५ रुन्टीगढी गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७९

निर्णय नं ३

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पा र रुडास नेपाल अन्तर्गत गोल २ परियोजनाबाट साझेदारीमा गर्ने गरि देहायका योजनाहरु प्रस्ताव भएकोले ती योजनाका लागि गाउँपालिकाबाट पनि समपुरक कोषबाट रकम विनियोजन गर्ने।

तपसिलः

| क्र स | योजना तथा कार्यक्रमको नाम | रुडासले व्यहोर्ने रकम | गाउँपालिकाले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आवधिक योजना निर्माण | १,५०,०००/- | आबश्यकता अनुसार नपुग रकम | सम्बन्धित शिर्षकबाट |
| २ | निशुल्क कृषि तथा पशु विमा | १,००,०००/- | १,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ३ | होलेरी तरकारी संकलन केन्द्र निर्माण | ८,००,०००/- | १०,००,०००/- | |

<u>निर्णय नं ४</u>

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पा र सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङबिच प्राविधिक शिक्षा अध्ययनका लागि यस गाउँपालिकाबाट जम्मा १० जना प्राविधिक (२ जना विद्युत प्राविधिक तह-२ र ८ जना उद्यम विकास सहजकर्ता तह-२) शिक्षा अध्ययनका लागि पठाइएकोमा सो प्राविधिक शिक्षा अध्ययनका लागि लाग्ने कुल खर्चको २५% ले हुने रकम रु१,६८,७५०/- शिक्षालय स्वयंले व्यहोर्ने र ७५% ले हुने रकम रु ५,७२,०६२।५० गाउँपालिकाले व्यहोर्ने सम्झौता अनुसार गाउँपालिकाबाट भुक्तानी हुने उक्त रकम समपुरक कोषबाट व्यवस्था गर्ने।

<u>निर्णय नं ५</u>

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल | जिल्ला कार्य समिति लिबाङ रोल्पा | सांस्कृतिक तथा कृषि पर्यटनका लागि आर्थिक सहयोग | रु.२०,०००/- |
| २ | सशस्त्र प्रहरी बल नेपाल | रोल्पा | भौतिक पूर्वाधार निर्माण | रु.५०,०००/- |
| ३ | खानेपानी पाइप खरिद योजना | रुन्टीगढी ९ रोल्पा | बाटो कटिङ गर्दा पाइप क्षति भएको | रु.४,१५,१५६/- |
| ४ | भरत वि क | रुन्टीगढी ६ रोल्पा | मुढाले खुट्टा च्यापेको र उपचाररत रहेको | रु.२०,०००/- |
| ५ | चन्द्रकली बुढा | रुन्टीगढी ६ रोल्पा | खुट्टा भाँचिएको र उपचाररत रहेको | रु.२०,०००/- |
| ६ | सुन्तलि दमाई | रुन्टीगढी ३ रोल्पा | लामो समयदेखिको विरामी | रु.७,०००/- |
| ७ | नमी पुन | रुन्टीगढी ३ रोल्पा | लामो समयदेखिको विरामी | रु.१०,०००/- |